प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९३ | काठमाडौं | बुधबार, ०२ मंसिर २०८३ | Prabhab National Daily | Wednesday, 18 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

राजस्व संकलनमा सुधारको दाबी, करको भार घटाउन निजी क्षेत्रको माग



'राष्ट्रिय कर दिवस-२०८३' का अवसरमा आन्तरिक राजस्व विभागले मंगलबार आयोजना गरेको कार्यक्रममा आव २०८१/८२ को आय विवरणअनुसार सबैभन्दा बढी आयकर दाखिला गरेका करदाताहरूलाई सम्मानित गरेपछि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलगायतसँग सामूहिक तस्बिर खिचाउँदै । *तस्बिर: रासस*



असोजमा पूरै ट्याक्स रेभिन्युको टार्गेटहरु मिट गरेका छौं । त्यसैले केही न केही काम भइराख्या छ । रिफर्मले नतिजा दिन थालेका छन् । सिस्टेमिक रिफर्मले पनि अब हामीलाई इकोनोमीमा मेनस्ट्रिम र इन्टर्नलाइज गरी अगाडि लैजाँदा स्वेच्छिक कर अनुपालनजस्ता कुरामा मलाई लाग्छ, नतिजा आउने नै छन् ।

■ डा स्वर्णिम वाग्ले
अर्थमन्त्री



हाम्रो जिडिपी ग्रोथ लोवेस्ट रहेछ । ट्याक्ट ग्रोथ रेटचाहिँ हाइयेस्ट रहेछ । समग्रमा हेर्दा नेपालीहरूलाई करका भार धेरै रहेछ भन्ने देखाउँछ । करको दर अलि घटाउनैपर्छ भन्ने व्यवसायीको माग पनि हो ।

■ अञ्जन श्रेष्ठ
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

■ प्रभाव संवाददाता

काठमाडौं– चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चौमासिकमा सरकारले वार्षिक लक्ष्यको २३ प्रतिशत राजस्व संकलन गरेको छ । महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार गत साउन १ गतेदेखि कात्तिक मसान्तसम्म वार्षिक लक्ष्यको २३.३९ प्रतिशत अर्थात् तीन खर्ब ८४ अर्ब सात करोड रूपैयाँ संकलन गरेको छ ।

सरकारले चालु आवमा राजस्व तथा अन्य प्राप्तिमार्फत १६ खर्ब ४२ अर्ब छ करोड रूपैयाँ संकलनको लक्ष्य राखेको छ । गत आवको तुलनामा केही सुधार भएको देखिए पनि सरकारले दाबी गरेजस्तो सुधार अझै हुन नसकेको तथ्यांकले देखाउँछ ।

आन्तरिक राजस्व विभागले भने सात खर्ब ७५ अर्ब रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा कात्तिकसम्ममा एक खर्ब ७७ अर्ब ५४ करोड रूपैयाँमात्र राजस्व संकलन गरेको छ । राष्ट्रिय कर दिवसको अवसरमा विभागले राजस्व संकलनको स्थिति सार्वजनिक गरेको हो ।

विभागले गत आर्थिक वर्षमा करिब छ खर्ब २२ अर्ब रूपैयाँ राजस्व संकलन गरेको थियो । विभागका उपमहानिर्देशक जनकराज शर्माले भने पछिल्लो समय राजस्व संकलनमा उत्साहजनक सुधार देखिएको दाबी गरे । शर्माका अनुसार गत आर्थिक वर्षको चौमासिक प्रगतिको तुलनामा यसपटक १३.३ प्रतिशत बढी राजस्व संकलन भएको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चार महिनाको अवधिमा भन्सार राजस्व संकलन उत्साहजनक रहेको बताए । वाग्लेले सरकारले नीतिगत सुधार र सुशासन कायम गरेकाले राजस्व संकलनमा उत्साह थपिएको दाबी गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

सहकारी ठगी प्रकरण

एकै प्रकृतिको मुद्दामा रविलाई उन्मुक्ति, देवकुमारलाई जेल

■ जेबी योञ्जन

काठमाडौं– सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले मुद्दाबाट उन्मुक्ति पाउने बाटो खुल्दा बचतकर्ताको ठूलो हिस्सा रकम फिर्ता गरिसकेका बागलुङको इमेज सहकारीका संस्थापक अध्यक्ष देवकुमार नेपाली भने जेलमै रहने भएका छन् । कास्की जिल्ला अदालतको फैसलाले जेलमुक्त हुने नेपालीको सपना तुहाइदिएको छ । उनी अब आठ वर्ष जेल बस्नुपर्ने भएको छ ।

जबकि, सुशीला कार्की सरकारकी महान्यायाधिवक्ता सविता भण्डारीले ३० पुस २०८२ मा संगठित अपराधको अभियोग हटाउने निर्णय गरेपछि सहकारी ठगीका आरोपितलाई उन्मुक्ति पाउने बाटो खुलेको थियो । संगठित अपराधको अभियोग हटेमा सहकारी वा सम्बन्धित कम्पनीको सम्पत्ति बेचबिखन गरेर बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रिया सहज हुने तर्क महान्यायाधिवक्ताको निर्णयमा गरिएको थियो । यही निर्णयपछि लामिछानेले कास्कीसहित चारवटा अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगबाट मुक्ति पाए ।

रविसँगै फरार रहेका गीतेन्द्रबाबु (जिबी) राई पनि सम्पत्ति शुद्धीकरणको अभियोगबाट चोखिए । उनी अहिले पनि मलेसियामा रहेको विश्वास गरिन्छ । सूर्यदर्शनलगायत सहकारीबाट अपचलन भएको रकम मलेसिया पुऱ्याएको आशंका उनीमाथि छ । तर, सहकारीको रकम अपचलनसम्बन्धी मूल अभियोग भने रविको हकमा कायमै छ । त्यसबाट उन्मुक्ति पाउन उनले बचतकर्ताको रकम फिर्ता गर्नुपर्ने हुन्छ ।

सूर्य दर्शन सहकारीमा १८ हजार ७०० बचतकर्ता छन् । तीमध्ये एक हजार १५७ जनाले रवि र जिबीविरुद्ध उजुरी दिएका थिए । सहकारीको कूल बिगो एक अर्ब ५१ करोड ४० लाख १९ हजार रूपैयाँ दाबी गरिएको थियो । त्यसमध्ये गोर्खा मिडिया नेटवर्कमा लगिएको पाँच करोड ६१ लाख रूपैयाँ जिबी राई, छविलाल जोशी, रवि लामिछाने, कुमार रम्तेलसहित १२ जनाबाट असुल गर्नुपर्ने अभियोग थियो । रविको हकमा तीन करोड ३७ लाख रूपैयाँ व्यक्तिगत बिगो माग गरिएको थियो ।



देवकुमार नेपाली



रवि लामिछाने

- रवि लामिछानेले संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोगबाट उन्मुक्ति पाउँदा देवकुमार नेपालीलाई आठ वर्ष जेल र एक करोड २६ लाख रूपैयाँ जरिवाना
- देवकुमारले भण्डै ९३ प्रतिशत पीडितसँग मिलापत्र गरेका थिए
- बचतकर्ताको रकम फिर्ता गर्न करोडौंका सम्पत्ति बिक्री
- रविलाई राहत र देवकुमारलाई जेल पठाएर एउटै प्रकृतिको मुद्दामा राज्यको फरक व्यवहार प्रदर्शन

जिल्ला अदालत कास्कीले १५ पुस २०८१ मा ६५ लाख रूपैयाँ धरौटीमा रिहा गरेपछि लामिछानेले सहकारी ठगीको मुद्दा खेपिरहेका छन् । तर, पछिल्लो निर्णयपछि उनीमाथि रहेको सम्पत्ति शुद्धीकरणको अभियोग हटेको छ । अदालत धाउनुपर्ने अवस्था पनि नरहेको विवरणले उनको कानुनी प्रक्रियामा सहजता आएको देखाउँछ ।

यसको ठीक विपरीत इमेज सहकारीका संस्थापक अध्यक्ष देवकुमारको जेलमुक्त हुने प्रयास भने असफल भयो । बागलुङको ढोरपाटन नगरपालिकाका मेयरसमेत रहेका नेपालीलाई जिल्ला अदालत कास्कीले सहकारी ठगी प्रकरणमा दोषी ठहर गर्दै कैद र जरिवानाको फैसला सुनाइसकेको छ । बचतकर्तासँग मिलापत्र गरेर रकम फिर्ता गर्ने अभियान चलाइरहेका बेला अदालतको फैसलाले उनको जेलमुक्तिको बाटो अवरुद्ध बनाएको हो ।

जबकि, नेपालीले इमेज सहकारीका पीडितमध्ये बागलुङका एक हजार ५४३ र कास्कीका ५२४ बचतकर्तामध्ये क्रमशः एक हजार ४६९ र ४२४ जनासँग मिलापत्र गरेका थिए । बागलुङमा ६७३ जनालाई रकम फिर्ता गरिएको विवरण छ । यसरी झण्डै ९३ प्रतिशत उजुरीकर्तासँग मिलापत्र भइसकेको अवस्थामा पनि उनी जेलबाट छुट्न सकेनन् ।

कास्की जिल्ला अदालतका न्यायाधीश चन्द्रप्रकाश तिवारीको इजलासले नेपालीलाई १७ कात्तिकमा आठ वर्ष कैद र एक करोड २६ लाख रूपैयाँभन्दा बढी जरिवाना हुने फैसला गऱ्यो । फैसलाको संक्षिप्त नोट हालै सार्वजनिक भएको छ । पूर्णपाठ भने सार्वजनिक भएको छैन । सहकारीका सञ्चालक चित्रबहादुर भण्डारी र शक्ति किसानलाई जनही सात वर्ष कैद तथा अन्य चार सञ्चालकलाई जनही छ वर्ष कैद सजाय सुनाइएको छ । उक्त मुद्दामा १८ करोड ९६ लाख ५९ हजार रूपैयाँ बिगो मागदाबी गरिएको थियो ।

नेपालीले सहकारीको रकम फिर्ता गर्न आफ्नो नाममा रहेका घरजग्गा तथा भवन बिक्री गर्ने प्रक्रिया अघि बढाएका थिए । पोखराको नौतले कर्मा कम्प्लेक्स, बागलुङको बुर्तिबाङस्थित दरबार र सिवाइसी भवनलगायत सम्पत्ति बिक्री गरियो । तर, बिक्रीबाट प्राप्त रकम बचतकर्तासम्म नपुगेको पीडितपक्षको आरोप छ ।

सन्दर्भः वैदेशिक रोजगार

बेलायती मानवअधिकार संस्थाको प्रतिवेदन

साउदीमा श्रम कानुन सुधार गर्दा पनि घटेन श्रमिकमाथिको दुर्व्यवहार

- साउदीमा कार्यरत एक करोड ४० लाखभन्दा बढी आप्रवासी श्रमिकमध्ये ठूलो संख्यामा अझै शोषणमै
- सर्वेक्षणमा सहभागीमध्ये २२ प्रतिशतलेमात्रै आफ्नो अधिकार उल्लंघन नभएको बताए
- प्रतिवेदनले श्रमिकको कार्यस्थल सुरक्षामाथि पनि उठायो प्रश्न

■ प्रभाव संवाददाता



काठमाडौं– साउदी अरबले श्रम कानुनमा सुधार गरेको एक वर्ष बित्दा पनि श्रमिकमाथिको दुर्व्यवहारमा कमी नआएको पाइएको छ । तलब नपाउने, राहदानी खोस्ने, काम छाड्न नपाउने र न्यायिक प्रक्रिया कठिन हुने समस्या कायमै रहेको एक प्रतिवेदनले देखाएको छ ।

बेलायतस्थित मानवअधिकार संस्था (एएलक्युएसटी)ले सार्वजनिक गरेको प्रतिवेदनअनुसार साउदीमा कार्यरत एक करोड ४० लाखभन्दा बढी आप्रवासी श्रमिकमध्ये ठूलो संख्या अझै शोषणमा पर्ने गरेका छन् । सन् २०२६ को मार्चदेखि मे महिनासम्म गरिएको सर्वेक्षणमा सहभागीहरूमध्ये दुईतिहाइ श्रमिकले महिनौंसम्म तलब नपाएको बताएका छन् । त्यस्तै, एक चौथाइ श्रमिकलाई काममा उपस्थित हुँदाहुँदै पनि अनुपस्थित देखाएर झूटो रिपोर्ट गरिएको पाइएको छ । यस्तो विवरणका कारण उनीहरूलाई देशनिकाला हुने जोखिम हुने प्रतिवेदनमा भनिएको छ । सर्वेक्षणमा सहभागीमध्ये २२ प्रतिशतलेमात्रै आफ्नो अधिकार उल्लंघन नभएको बताएको जनाइएको छ ।

साउदी अरब नेपाली श्रमिकको प्रमुख रोजगार गन्तव्य हो । निर्माण, सुरक्षा गार्ड, होटल, सरसफाइलगायतका क्षेत्रमा चार लाखभन्दा बढि नेपाली श्रमिक कार्यरत रहेको तथ्यांक छ । जसकारण उक्त मुलुकमा देखिएको समसया नेपाली श्रमिकको रोजगारीसँग प्रत्यक्ष जोडिन्छ ।

साउदीमा कफाला प्रणालीका कारण श्रमिकहरू रोजगारदातामाथि निर्भर हुनुपर्ने अवस्था थियो । उक्त प्रणालीको अन्त्य गर्ने घोषणा गर्दै साउदी सरकारले सन् २०२५ मार्चमा श्रम सुधार कार्यक्रम लागू गरेको थियो । तर नयाँ व्यवस्थामा रहेका कानुनी कमजोरीको फाइदा रोजगारदाताले उठाइरहेको प्रतिवेदनमा भनिएको छ ।

नयाँ व्यवस्थाअनुसार श्रमिकले करार अवधि नसकिँदै विदामा जान वा अन्य प्रयोजनका लागि देश छाड्न चाहे सरकारी वेबसाइटमार्फत अनुमति लिनुपर्छ । उक्त वेबसाइट अरबी र अंग्रेजी भाषामा उपलब्ध छ । अनुमति प्रक्रियाका लागि २०० साउदी रियाल अर्थात् ५३ अमेरिकी डलर शुल्क तिर्नुपर्छ जुन फिर्ता हुँदैन । श्रमिक फर्केर नआउने जोखिम रहेको भन्दै रोजगारदाताले अनुमति प्रक्रियामा आपत्ति जनाउन सक्छन् । यस्तो अवस्थामा श्रमिकलाई देश छाड्न समस्या हुन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

महिला हिंसा अन्त्य गरौं

- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

राजस्व संकलनमा...

'असोजमा पूरै टचाक्स रेभिन्युका टार्गेटहरू मिट गरेका छौं । त्यसैले केही न केही काम भइराख्या छ । रिफर्मले नतिजा दिन थालेका छन्,' उनले भने, 'सिस्टेमिक रिफर्मले पनि अब हामीलाई इकोनोमीमा मेनस्ट्रिम र इन्टर्नलाइज गरी अगाडि लैजादा स्वेच्छिक कर अनुपालन जस्ता कुरामा मलाई लाग्छ नतिजा आउने नै छन् ।'

निजी क्षेत्रले भने करको दर घटाउन सरकारसँग माग गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले नेपालीलाई करको भार धेरै भएको उल्लेख गर्दै दर घटाउन माग गरेका हुन् । 'हाम्रो जिडिपी ग्रोथ लोवेस्ट रहेछ । टचाक्स ग्रोथ रेटचाहिँ हाइयेस्ट रहेछ । समग्रमा हेर्दा नेपालीहरूलाई करका भार धेरै रहेछ भन्ने देखाउँछ । करको दर अलि घटाउनैपर्छ भन्ने व्यवसायीको भाग पनि हो,' अध्यक्ष श्रेष्ठले भने ।

यता व्यवसायी दीपक मलहोत्राले भने निजी क्षेत्रलाई करको भारमात्र बोकाएको आरोप लागाए । 'उत्पादन, व्यापार, लगानी र रोजगारी नबढाई दीर्घकालीन रूपमा राजस्व संकलन वृद्धि हुँदैन । निजी क्षेत्रलाई कर संकलनको स्रोतमामात्र नभई आर्थिक विकासको साझेदारीका रूपमा हेरिनुपर्छ,' मलहोत्राले भने ।

८० लाख पुगे करदाता

विभागले व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान) लिने करदाताको संख्या ८० लाख नाघेको जनायो । विभागका उपमहानिर्देशक जनकराज शर्माले संस्थागत र व्यक्तिगत गरी करदाताको संख्या ८० लाख पार भएको जानकारी दिएका हुन् । यसले मुलुकका आर्थिक गतिविधिहरू औपचारिक दायरामा आउँदै गएको र करको दायरा विस्तार भइरहेको पुष्टि गर्ने उनले बताए ।

'कर न्याय र सुशासनको सुनिश्चितता, समृद्धिमा नागरिक सहभागिता' भन्ने मूल नाराका साथ सुरु भएको कर सप्ताह तथा विशेष समारोहमा उपमहानिर्देशक शर्माले नेपाल सरकारको कूल राजस्व संकलनमा विभागको योगदान झण्डै ४५ प्रतिशतको हाराहारीमा रहेको उल्लेख गरे ।

विभागको १५ बुँदे संकल्प

आन्तरिक राजस्व विभागले कर प्रणालीको रूपान्तरण, प्रविधिमा नवप्रवर्तन र सेवामा सुशासन कायम गर्ने लक्ष्यसहित १५ बुँदे संकल्प सार्वजनिक गरेको छ । विभागका महानिर्देशक डा. भीष्मकुमार भुसालद्वारा जारी प्रतिबद्धतामा २०८४ असार मसान्तभित्र कूल राजस्व वेरुजु अंकको कम्तीमा ६० प्रतिशत फर्स्योट गरी सम्परीक्षण गरिने उल्लेख छ ।

साथै, राजस्व संकलनमा दिगो वृद्धि हासिल गर्दै विभागलाई तोकिएको सात खर्ब ७५ अर्ब रूपैयाँको राजस्व लक्ष्य पूरा गरिने संकल्प गरिएको छ । 'कर प्रणालीमा रूपान्तरण, प्रविधिमा नवप्रवर्तन, सेवामा सुशासन र राजस्व संकलनमा दिगो वृद्धि हासिल गर्दै विभागलाई तोकिएको राजस्व लक्ष्य सात खर्ब ७५ अर्ब रूपैयाँ संकलन गरिने, आउँदो असार मसान्तसम्ममा कूल राजस्व वेरुजु अंकको कम्तीमा ६० प्रतिशत फर्स्योट गरी सम्परीक्षण गरिने,' संकल्पमा भनिएको छ ।

विभागले कर प्रशासनलाई प्रविधिमैत्री र स्वचालित बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखेको छ । प्रतिबद्धताअनुसार करदातासम्बन्धी सम्पूर्ण सूचना, कारोबार र कर अनुपालनको विवरण सुरक्षित एवं एकीकृत रूपमा व्यवस्थापन गर्न 'एक करदाता एक डिजिटल पहिचान' को विकास गरिने छ ।

यस्तै, करदाताहरूको जिज्ञासा तथा गुनासो सम्बोधन गर्न २४ सै घण्टा सञ्चालनमा आउने गरी 'एआईमा आधारित कल सेन्टर र च्याटबोट' स्थापना गरिने विभागले जनाएको छ ।

कर प्रशासनमा सबै करदाताको डिजिटल पहुँच सुनिश्चित गर्न आगामी २०८३ माघ महिनादेखि विद्यमान कर प्रणालीलाई स्वचालनमा लैजाने गरी 'बिजनेस प्रोसेस रि-इञ्जिनियरिङ' को विस्तृत परियोजना प्रतिवेदनअनुसार कार्य प्रारम्भ गरिने प्रतिविद्धतामा उल्लेख छ ।

ग्रे लिस्टबाट बाहिरिने र कर न्यायमा जोड

नेपाललाई सम्पत्ति शुद्धीकरणका सन्दर्भमा 'ग्रे लिस्ट' बाट बाहिर ल्याउन जोखिममा आधारित सुपरिवेक्षण र अनुसन्धानलाई प्रभावकारी बनाइने विभागले जनाएको छ । स्वयं कर घोषणाअनुसार पेस भएका विवरणहरूको जोखिम विश्लेषण गरी कर परीक्षण, अनुसन्धान र अनुगमनमा स्पष्ट नतिजा हासिल गरिने जनाइएको छ ।

कर विवादको शीघ्र समाधान र कर न्याय कायम गर्न विगतका सबै निवेदनहरूको फर्स्योट गरिने र प्रशासकीय पुनरावलोकनका लागि दर्ता हुने निवेदनमा कानुनले तोकेको समयभित्रै निर्णय गरिने विभागको प्रतिबद्धता छ । साथै, आय, खर्च र कर दाखिलाको विवरण स्पष्ट हुने गरी विद्यमान कर चुक्ताको ढाँचामा संशोधन र एकरूपता कायम गरिने उल्लेख छ ।

करदाता शिक्षा, सुशासन र अन्तर्राष्ट्रिय सहकार्य

विभागले स्थानीय तह र निजी क्षेत्रसँगको समन्वयमा देशभर करदाता शिक्षा सञ्चालन गर्दै 'स्वैच्छिक कर सहभागिता राष्ट्रिय अभियान' सुरु गर्ने घोषणा गरेको छ । कर प्रशासनमा कार्यरत जनशक्तिको क्षमता, सदाचारिता र डिजिटल सीप विकास गरी कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणाली लागू गरिने र 'संस्थागत सदाचारिता सूचकांक'का आधारमा सुशासनको स्तर निर्धारण गरिनेछ ।

त्यसैगरी, कर सार्वभौमसत्ताको संरक्षण र सहकार्य प्रवर्द्धन गर्दै नेपालको कर प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डबमोजिम आधुनिक, पूर्वानुमानयोग्य, पारदर्शी र लगानीमैत्री बनाइने तथा दोहोरो करमुक्ति सम्झौतालाई उच्च प्राथमिकताका साथ अघि बढाइने विभागको संकल्पमा उल्लेख छ ।

धेरै कर तिर्ने १९ करदाता सम्मानित

सरकारले यस वर्ष सबैभन्दा धेरै कर तिर्ने १९ कम्पनी र व्यक्तिलाई सम्मान गरेको छ । व्यक्तिगत आयकर सबैभन्दा बढी तिर्ने राजबहादुर शाहलाई सम्मान गऱ्यो । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शाहलाई सम्मान गरेका हुन् ।

कृषि एवं पशुपक्षीजन्य उद्योगमध्येबाट ओसीबी फुड्सलाई सम्मान गरिएको छ । कम्पनीका प्रबन्ध निर्देशक प्रदीप रुंगटालाई अर्थमन्त्री वाग्लेले सम्मानित गरे ।

बैंक, वित्तीय संस्था र बिमा कारोबार गर्नेमध्येबाट नबिल बैंकलाई सम्मान गरेको छ । गत वर्ष नेपाल इन्भेस्टमेन्ट मेगा बैंक सम्मानित भएको थियो । स्वास्थ्य तथा शैक्षिक संस्थाबाट नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल लिमिटेड सम्मानित भएको छ । पर्यटन व्यवसायतर्फबाट सोल्टी होटल, वस्तु व्यापारको कारोबार गर्नेबाट सीजी इम्पेक्सले सबैभन्दा बढी आयकर तिरेको छ ।

वार्षिक कारोबार रकम ५९ करोडभन्दा बढी १०० करोडसम्म कारोबार गर्नेमध्येबाट फुड एण्ड विभरेज टेक्नोलोजी रिसर्च सेन्टर सम्मानित भएको छ । ऊर्जामूलक उद्योगबाट भोटेकोशी पावर कम्पनी सम्मानित भएको छ ।

रेमिटचान्स तथा मनी ट्रान्सफरबाट आइएमई लिमिटेडले बढी आयकर तिरेर सम्मानित भएको छ । २०७७ साउनदेखि २०८३ असारसम्म मूल्य अभिवृद्धि कर समयमै बुझाउनेबाट हिमालयन डिस्टिलरी लिमिटेड सम्मानित भएको छ ।

वार्षिक कारोबार ५० करोडसम्म गर्नेमा इम्पेरियल सेक्युरिटिज, यसैगरी विशेष उद्योगहरूमध्येबाट बरुण बेभरेज नेपाल प्राली, जीवन बिमामा लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल, निर्जीवनमा सिदार्थ प्रिमियर इन्स्योरेन्स र लघुवित्त क्षेत्रबाट छिमेक लघुवित्त सम्मानित भएको छ । यसबाहेक विभागले भाटभटेनी सुपरमार्केटलाई विशेष सम्मानसमेत गरेको छ ।

■■■

साउदीमा श्रम...

साउदी कानुनले रोजगारदाताले राहदानी राख्न नपाउने व्यवस्था गरे पनि यस्तो कार्य गर्ने रोजगारदातामाथि कारवाही गर्ने प्रवृत्तिक्रम न्यून रहेको प्रतिवेदनको निष्कर्ष छ ।

त्यस्तै सनद कबद नामक अभ्यास पनि कायम रहेको जनाइएको छ । यसमा श्रमिकलाई पैसा नपाए पनि रकम बुझेको भनी हस्ताक्षर गर्न बाध्य पारिन्छ । रोजगारदाताले देश छाड्ने अनुमति दिनुअघि यस्तो कागजातमा हस्ताक्षर गराउने गरेको पाइएको छ ।

नयाँ व्यवस्थाले नयाँ रोजगारदाता खोजेर काम परिवर्तन गर्न सकिने व्यवस्था गरेको छ । तर त्यसका लागि श्रमिकले पुरानो रोजगारदातासँगको करारमा बाँकी रहेको अवधिको क्षतिपूर्ति, करारमा उल्लिखित जरिवाना तथा आवश्यक आर्थिक दायित्व पूरा गर्नुपर्ने हुन्छ । नयाँ आवासीय अनुमति जारी गर्न १७३ अमेरिकी डलरदेखि पटक-पटक रोजगारदाता परिवर्तन गर्दा दुई हजार ६५० डलरसम्म खर्च लाग्न सक्छ । यस्तो खर्च आप्रवासी श्रमिकको औसत मासिक तलबको चार गुणासम्म पुग्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा श्रमिकको कार्यस्थल सुरक्षामाथि पनि प्रश्न उठाइएको छ । साउदीका ठूला परियोजनामा अत्यधिक गर्मी र जोखिमपूर्ण अवस्थामा काम गर्दा धेरै आप्रवासी श्रमिकको मृत्यु भएको उल्लेख गरिएको छ । प्रतिवेदनमा स्वास्थ्य तथा सुरक्षा सुधारका प्रतिबद्धता कार्यान्वयन नभएको जनाइएको छ । कतिपय श्रमिकलाई आफ्नै खर्चमा सुरक्षाका सामग्री किन्न लगाउने तथा तलबबाट खर्च कटौती गर्ने गरिएको पाइएको छ ।

निर्माण क्षेत्रमा पनि सुरक्षा उपाय नअपनाउँदा अपांगता हुनेदेखि मृत्युसम्म हुने गरेको प्रतिवेदनमा औंल्याइएको छ । श्रमिकहरू बस्ने आवास पनि प्रायः साँघुरो, भीडभाड भएको र सरसफाइजस्ता आधारभूत मापदण्डविपरीत हुने गरेको छ ।

भर्ना प्रक्रियामा पनि देशका आधारमा विभेद हुने गरेको पाइएको छ । निश्चित कामका लागि केही देशका नागरिकलाई मात्रै विज्ञापन गर्ने गरिएको छ । यसअघि हचुमन राइट्स वाचले सन् २०२४ मा सार्वजनिक गरेको प्रतिवेदनमा साउदीमा अन्तर्वार्ता लिइएका १३० मध्ये १२८ जना आप्रवासी श्रमिकले गैरकानुनीरूपमा भर्ना शुल्क तिरेको उल्लेख थियो । एम्नेस्टि इन्टरनेसनलले पनि सन् २०२५ नोभेम्बरमा सार्वजनिक गरेको विवरणमा श्रमिकले ठूलो रकम भर्ना शुल्कका रूपमा तिर्नुपरेको विषय उठाएको थियो । नेपालबाट ऋण लिएर साउदी जानुपर्ने अवस्थामा तलब नपाउने, काम परिवर्तन गर्न समस्या, कानुनी पहुँच न्यून हुनेजस्ता कारणले श्रमिकहरूको आर्थिक अवस्था थप प्रभावित हुने देखिन्छ ।

युएइमा रोजगार — **कम्पनी** : Global Impact Cleaning Services Co .l.l.c.

पूर्व स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 350033 | चलानी नं. ६०१६३४९

दि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	दाखिला दिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Gypsum/ceiling Workers	2	0	1600	६५,५२६							
2	Labourer Building Worker	5	0	1200	४८,१४४							
3	Plasterer	1	0	1600	६५,५२६							
4	Cleaning Supervisor	2	0	1600	६५,५२६							
5	Air Conditioning Technicians	2	0	1600	६५,५२६							
6	Tile Layer	2	0	1600	६५,५२६							
7	Building Plumber	2	0	1600	६५,५२६							
8	Sewerage Cleaning Labour	6	0	1600	६५,५२६							
9	Building Cleaner	11	0	1200	४८,१४४							
10	Cleaner Windows	10	0	1600	६५,५२६							
11	Carpenter	3	0	1600	६५,५२६							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

रहेठेला अरिबे डि मेडिकल चर्म रोगको अर्को र थपि जाने	रोजगार सम्पन्नमे मेडिकल चर्म दिने / बहिने	रहेठेला अरिबे बिमा चर्म रोगको	रोजगारका बिमा हुने व्यहोरा र कति तलबमे	छाई टिकट करायेपछि दिने र कति तलबमे	बिमा शुल्क करायेपछि दिने र कति तलबमे	रामाडिक सुरक्षा कोष करायेपछि दिने र कति तलबमे (बचतसहित)	तलबमागदारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क	अनिवार्यकिरण शुल्क कति तलबमे र करायेपछि	बिमा रजष्टिएछ शुल्क करायेपछि
कामदार आफै	दिने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २८९६ । - कामदारले तिर्ने	रु. ९,२००। कामदार आफैले	नि:शुल्क	रु.३००।- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट दरादप्तो जानकारी: १। आफ्नो नाममा बिमा प्रमाण भई आएपछि मात्रै कम्पनीले भई स्वयं खर्च बुझाउनु होला । सुभाएकको गैरजमा बीचमा अतिरिक्त लिनुहुँदैन । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासमा सम्पर्क ठेगाना र फोन नम्बरहरू बारेमा राखनुहोला । आफू अतिरिक्तुहुने पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना) मा उल्लेख भएका बाहेक अरु स्वयं ठकबेटाई नहुनुहोला । सरे विदेश जानुहुँदा अधिकृतबाटमात्र वा दूतावास मार्फत अनिवार्य लिनुपर्नेछ । ४। विदेश जानुहुँदा आफू जाने मुलुक, काम दिने कम्पनी, भाटाने सेवा, सुविधा र अन्य सर्तबारे राम्री पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधो एकजति आफूलाई गराइनुहोला । ५। बामया विदेश जाँदा नेपालकै दूतावासेट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही कुरा पर्न्या भिरेमा रोजगार विभाग ताहाचलमा सम्पर्क गराइनुहोला ।

STUPA OVERSEAS SERVICES PVT. LTD.
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418, Jhal Nath Chamlagain (Contact No. 9707570238)
E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८१/०३/३१ मा दर्ता भएको प्रा.लि.नं. ३४१०८६ को **भाङ्ग्रे कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Saudi Nepal Recruitment Agency Pvt.Ltd.** (ईपनं. ७९७/०६५/०६६) मा कार्यरत (नागरिकता नं. २७-०१-७७-०८८४७) **करुणा नगरकोटी** (Receptionist) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुँदा निज व्यक्तिद्वारा यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम मै जाने व्यहोरा अनुरोध छ ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.com Website :www.saudinepal.com

कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Red Sun Employment Service Pvt.Ltd.** (ईपनं१२७४/०७४/७५) मा कार्यरत सोलुखुम्बु जिल्ला सोलुदुधकुण्ड नगरपालिका वडानं ०८ स्थायी ठेगाना, रूपा खड्का (कार्यालय सहयोगी) पदमा कार्यरत ले यस संस्थामा कुनै सूचना नगरी सम्पर्कविहीन हुनुभएकोले निजलाई आजैको मितिदेखि यस संस्थाबाट हटाईएको व्यहोरा सम्बन्धित सबैमा सुचित गरिन्छ। साथै निजसंग यस संस्था संग सम्बन्धित कुनै कारोबार नगर्न नगराउन पनि सुचित गरिन्छ। यदि गरेमा यस संस्था जवाफदेही हुनेछैन। यदि निज संग कुनै कारोबार रहेको भएको आजको मितिले ७ दिन भित्र यस संस्थामा सम्पर्क गर्नुहोला अन्यथा कानुन बमोजिम भईजानेछ ।

RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(Red Sun Solutions Pvt.ltd)
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७५/११/२३ मा दर्ता भएको **आर.आर. ग्लोबल एजुकेशनल कन्सल्टेन्सी प्राइभेट लिमिटेड (प्रा.लि. नं. २१०२९३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

वडा कार्यालयको अनुरोध

- व्यक्तिगत घटनाहरु (जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद) जस्ता घटनाहरु समयमै दर्ता गर्नुहोस ।
- आफ्नो घर र वरपर सफा राख्नुहोस् ।
- विकास निर्माणको काममा जनसहभागिता जुटाउनुहोस् ।
- वडाबाट इजाजत लिएर मात्र घर निर्माण गर्नुहोस् ।
- वडाभित्र हुने सम्पूर्ण व्यापार व्यवसाय वडामा मात्र दर्ता गरेर सञ्चालन गर्नुहोस् ।
- वडालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरी जरिवानाबाट बच्नुहोस् ।
- वडाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुहोस् ।
- बालबालिकाहरूलाई विद्यालय पठाउनुहोस् ।
- बालबालिकाहरूलाई काममा नलगाउनुहोस् ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबाल्नुहोस् ।
- आगो बाल्नै परे काम सकिनासाथ तुरून्तै निभाउने गर्नुहोस् ।

महालक्ष्मी नगरपालिका
१ नं. वडा कार्यपालिकाको कार्यालय
इमाडोल, ललितपुर

आजको राशिफल



ज्यो. गुरु अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, ०२ मंसिर, २०८३

मेष — रोकिएका काम अघि बढ्नेछन् । नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला ।

वृष — आर्थिक पक्ष सबल बन्नेछ । परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ ।

मिथुन — नयाँ कामको योजना बन्नेछ । साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ ।

कर्कट — काममा उत्साह बढ्नेछ । पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ ।

सिंह — जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ । बोली र व्यवहारमा संयम अपनाउनुहोला ।

कन्या — नयाँ अवसर प्राप्त हुनेछन् । रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ ।

तुला — आम्दानीका नयाँ स्रोत भेटिन सक्छन अनावश्यक विवादबाट टाढा रहनुहोला।

वृश्चिक — आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ ।

धनु — सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ ।

मकर — मेहनतअनुसार सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला ।

कुम्भ — नयाँ योजना सफल हुने संकेत छ । दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ ।

मीन — दिन उत्साहपूर्ण रहनेछ । अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	
४४१४७९८/४४२७४५२	
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
नि:शुल्क होमियो दातव्य	४२५५५४०/४२५५५४१
चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२९४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर नि:शुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

०२ मंसिर, २०८३ (१८ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१४९.९८	१५०.५८
युरो	१	१६५.११	१६५.७७
पाउन्ड स्टर्लिङ	१	१९७.७८	१९८.५७
स्विस फ्रैन्क	१	१७८.४७	१७९.१९
अस्ट्रेलियन डलर	१	१०१.२७	१०१.६८
क्यानाडियन डलर	१	१०४.९९	१०५.४१
सिङ्गापुर डलर	१	११६.३४	११६.८१
जापानी येन	१०	९.४०	९.४४
चिनियाँ युआन	१	२२.५०	२२.५९
साउदी अरब रियाल	१	३९.९६	४०.१२
कतारी रियाल	१	४१.१५	४१.३१
थाई भाट	१	४.४२	४.४४
संयुक्त अरब इमिरेट दिराम	१	४०.८४	४१.००
मलेसियन रिङ्गेट	१	३६.६३	३६.७७
दक्षिण कोरियन वन	१००	११.२४	११.२८
स्विडिस क्रोनर	१	१४.८८	१४.९४
डेनिस क्रोनर	१	२२.०९	२२.१७
हङकङ डलर	१	१९.१२	१९.१९
कुवेती दिनार	१	४८५.६९	४८७.६३
बहराइन दिनार	१	३९७.६१	३९९.२०

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

कोप–३१ मा नेपालसहितको प्रस्ताव ‘कभर डिसिजन’मा सम्बोधन



अन्ताल्या (टर्कीए)– टर्कीएको अन्ताल्यामा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिका पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१) मा नेपाल, भुटान र किर्गिजस्तानले संयुक्त रूपमा अघि सारेको पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी प्रस्तावलाई सम्मेलनको ‘कभर डिसिजन’मा सम्बोधन गरिएको छ ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको सम्मेलन (कोप) मा कभर डिसिजन वा कभर टेक्स्ट भन्नाले सम्मेलनको अन्त्यमा जारी गरिने समग्र राजनीतिक दस्तावेजलाई जनाउँछ । त्यसले वार्ताका विभिन्न विषय तथा निष्कर्षहरूलाई एकीकृत गर्दै समग्र राजनीतिक दिशा र सन्देश निर्धारण र सम्मेलनका प्रमुख प्राथमिकता र महत्त्वपूर्ण विषयलाई उजागर गर्ने छ ।

नेपालसहितका मुलुकको उक्त प्रस्तावलाई सम्मेलन अध्यक्षताको परामर्शमा तयार गरिएको कभर डिसिजनको मस्यौदामा समेटिएको छ । कोप-३१ को अध्यक्षको परामर्शमा तयार गरिएको तथा १६ नोभेम्बर (सोमबार)सम्म उल्लेख भएको ‘प्रेसिडेन्सी-लेड पार्टी-ड्रिभन कभर डिसिजन’ शीर्षकको मस्यौदामा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्य कार्यक्रम स्थापना गर्ने विषय समावेश छ ।

पर्वतीय क्षेत्र तथा हिमनदीमा निर्भर समुदाय जलवायु परिवर्तनका प्रतिकूल प्रभाववाट विशेषरूपमा प्रभावित भइरहेको अवस्थालाई स्वीकार गर्दै कभर डिसिजनमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्य कार्यक्रम गर्ने विषय समेटिएको छ । प्रस्तावमा पर्वतीय क्षेत्रको वैज्ञानिक अध्ययन तथा बुझाइ अभिवृद्धि, जलवायु अनुकूलनका प्रयासलाई सुदृढीकरण, उत्थानशीलता निर्माण तथा हिमनदीमा निर्भर समुदायलाई आवश्यक सहयोग उपलब्ध गराउने विषयलाई प्राथमिकता दिइएको छ । ती विषयमा कोप-३१ को सुरुआतमै नेपाल, भुटान र किर्गिजस्तानले संयुक्त रूपमा प्रस्ताव अघि सारेका थिए ।

कभर डिसिजनको बुँदा ३१ मा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्य कार्यक्रम स्थापना गर्ने प्रस्ताव गरिएको छ । उक्त कार्यक्रममार्फत पर्वतीय क्षेत्रको वैज्ञानिक अध्ययन, जलवायु परिवर्तनका असरको मूल्यांकन, अनुकूलनका उपाय तथा जोखिम न्यूनीकरणका प्रयासलाई थप प्रभावकारी बनाउने लक्ष्य राखिएको छ ।

त्यस्तै, कोपको कार्यसूचीमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विषयलाई स्थायीरूपमा समावेश गर्ने प्रस्ताव पनि कभर डिसिजनमा राखिएको छ । त्यस विषयमा छलफल गर्न कोप-३२ मा उच्चस्तरीय संवाद आयोजना गर्ने उल्लेख छ । कभर डिसिजनको बुँदा ३२ मा जलवायु परिवर्तनसम्बन्धी सहायक निकायका ६६औं र ६८औं सत्रमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी संवाद आयोजना गर्ने विषयलाई स्वागत गरिएको छ । त्यस्ता संवादलाई निरन्तरता दिँदै कोपको अध्यक्षताको नेतृत्वमा नियमित उच्चस्तरीय संवाद सञ्चालन गर्न प्रोत्साहन गरिएको छ ।

> कोपको कार्यसूचीमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विषयलाई स्थायीरूपमा समावेश गर्ने प्रस्ताव पनि कभर डिसिजनमा राखिएको छ । त्यस विषयमा छलफल गर्न कोप-३२ मा उच्चस्तरीय संवाद आयोजना गर्ने उल्लेख छ । कभर डिसिजनको बुँदा ३२ मा जलवायु परिवर्तनसम्बन्धी सहायक निकायका ६६औं र ६८औं सत्रमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी संवाद आयोजना गर्ने विषयलाई स्वागत गरिएको छ ।

त्यस्ता संवादमार्फत पर्वतीय मुलुक, आदिवासी जनजाति तथा स्थानीय समुदायका अनुभव, आवश्यकता र प्राथमिकतालाई अन्तर्राष्ट्रिय जलवायु नीति तथा कार्ययोजनामा समेट्ने लक्ष्य राखिएको छ । त्यस्तै जलवायु अनुकूलन र उत्थानशीलता निर्माणका क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्यलाई थप सुदृढ बनाउने अपेक्षा छ । नेपाल र भुटानले पर्वतीय क्षेत्रमा बढ्दो तापक्रमका प्रभावलाई सम्बोधन गर्न ‘१.५ डिग्री सेल्सियस तापक्रम वृद्धिले पर्वतीय क्षेत्रमा पार्ने प्रभाव’ शीर्षकमा संयुक्त प्रस्ताव अघि सारेका थिए । त्यस्तै, किर्गिजस्तानले पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी नियमित उच्चस्तरीय संवादलाई संस्थागत गर्ने प्रस्ताव गरेको थियो ।

ती प्रस्तावमार्फत हिमालयलगायत विश्वका पर्वतीय क्षेत्रमा हिमनदी पग्लिने क्रम, हिमताल विस्फोटको जोखिम, जलस्रोतमा पर्ने प्रभाव, जैविक विविधताको क्षति तथा जलवायुजन्य विपद्का बढ्दो जोखिमलाई अन्तर्राष्ट्रिय जलवायु वार्ताको प्राथमिकतामा राख्न जोड दिइएको थियो । नेपालले जलवायु परिवर्तनवाट उत्पन्न हुने असरको उच्च जोखिममा रहेका मुलुक तथा समुदायले भोगनुपरेका समस्यालाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्न निरन्तर पहल गर्दै आएको छ । *रासस*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०७/२८ मा दर्ता भएको **प्रा.लि.नं. २०२३०३** को **रिदम क्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/१०/२५ मा दर्ता भएको **प्रा.लि.नं. ३०६८१४** को **ब्राइट हिमाल ट्रेडिङ्ग कन्सर्न प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०६२/०९/२४ मा दर्ता भएको प्रा.लि.नं. ३७७९९६ को **अस्ट्रामल एण्ड टुर्स नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयमा मिति २०८३/०७/१६ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' बमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७/०६/०७ मा दर्ता भएको प्रा.लि.नं. ७६३७२ को **हाइल्याण्ड ट्रेडर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : ३०८३/०८/०१ गते

यस कम्पनीको मिति २०८३/०६/०६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **ईन्नोदय सप्लायर्स प्रा.लि.**को नाम परिवर्तन गरी **ईन्नोदय मिडिया प्रा.लि.(दर्ता नम्बर ३१३८४१)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै सावीकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०६४/१०/०४ मा दर्ता भएको **सान इन्टरनेशनल एजुकेशन प्राइभेट लिमिटेड (प्रा.लि. नं. ५१०६०)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल मंसिर महिना २ गते बुधवार)

यस विकास बैंकको शाखा कार्यालय आदमघाटबाट तपशिलमा उल्लेखित ऋणीले साना व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५(पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण
टिका गिरीको नाति पदम गिरीको छोरा धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **भरत गिरी** (ना.प्र.नं. : २६४३५०७ जारी मिति र जिल्ला : २०५८/०४/११, धादिङ्ग)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
१) बाबुराम खड्काको छोरी पदम गिरीको बुहारी भरत गिरीको पत्नी धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **सरिता गिरी** (ना.प्र.नं. : २६१/४४९९७ जारी मिति र जिल्ला : २०६८/०१/२५, धादिङ्ग)
२) टिका गिरीको नाति बाल गिरीको छोरा धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **भगवान गिरी** (ना.प्र.नं. : २६१/१४६४२ जारी मिति र जिल्ला : २०६४/०३/२६, धादिङ्ग)
यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण : मिति २०८०/११/१० को कारोवार राष्ट्रिय दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने मिति २०८१/०९/०४ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
धितो सुरक्षण सम्बन्धी विवरण : उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धनीको नाम	ठेगाना	सिट नं.	क्ित्ता नं.	क्षेत्रफल (व.मि)
भरत गिरी	धादिङ्ग जिल्ला कुम्पुर वडा नं. ७	७क	१३६७	१५८.९५

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल मंसिर महिना १६ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय आदमघाट आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बोलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।

५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल मंसिर महिना १७ गते विहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय आदमघाटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।

९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

युएइमा रोजगारको अवसर

कम्पनी : RIGHTFORCE MANPOWER SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 350427 | चलानी नं. ६०१६३४८९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	BUILDING CONSTRUCTION LABOR	100	0	1100	४५,०५०	उपलब्ध छ	12घण्टा	६दिन	उपलब्ध छ	छ	उपलब्ध छ	२ वर्ष
2.	(FACTORY/GENERAL) WORKER	50	0	1100	४५,०५०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

रहदेखा अरिबे वि-मेडिकल सर्भ गराई र दर्ता गर्ने	रोजगार कम्पनिले मेडिकल सर्भ दिने / गर्दिने	रहदेखा अरिबे बिमा सर्भ गराई र दर्ता लाग्ने व्यहोर्ने र दर्ता लाग्ने	रोजगारमा बिमा हुने/बढाई र दर्ता गराई व्यहोर्ने	हवाई टिकट गराई दिने र दर्ता लाग्ने	भिषा शुल्क गराई दिने र दर्ता लाग्ने	सामाजिक सुरक्षा कोष गराई दिने र दर्ता लाग्ने (नपरासपछि)	कल्याणकारी कोष सम्बन्धि व्यहरुमा	सेवा शुल्क	अभिलुक्तिकरण शुल्क दर्ता लाग्ने र गराई व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराई व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९८ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	नि:शुल्क	रु ३०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफुनो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारीले माग्नु हुदैन । ४) विदेश जानुअघि अभिमुखिकरण गरी प्रमाणपत्र लिनु पर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम गर्ने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पहेंरो मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, धोकाधडी एजेन्टहरु आफुबाट टाढा रहनुहोला । ६) कामका विषयमा जाँच गर्न नेपालकै एम्बेसी/कन्सुलेट कार्यालयमा सम्पर्क गर्नुहोला । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोला ।

Govt. License No: 332/059/060

Jassim Trading & Services Pvt. Ltd.
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np

युएइमा रोजगार

कम्पनी : MASTOURA CONTRACTING COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 340905 | चलानी नं. ६०१५४१५५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Heavy Equipment Operator	10	0	2500	९९,९२१	उपलब्ध छ	12घण्टा	६दिन	उपलब्ध छ	छ	उपलब्ध छ	२ वर्ष
2.	Construction Worker	31	0	1000	३९,६६८							
3.	Bus Driver	2	0	1600	६३,९५०							
4.	Heavy Truck Driver	12	0	1800	७१,९४४							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

रहदेखा अरिबे वि-मेडिकल सर्भ गराई र दर्ता गर्ने	रोजगार कम्पनिले मेडिकल सर्भ दिने / गर्दिने	रहदेखा अरिबे बिमा सर्भ गराई र दर्ता लाग्ने व्यहोर्ने र दर्ता लाग्ने	रोजगारमा बिमा हुने/बढाई र गराई व्यहोर्ने	हवाई टिकट गराई दिने र दर्ता लाग्ने	भिषा शुल्क गराई दिने र दर्ता लाग्ने	सामाजिक सुरक्षा कोष गराई दिने र दर्ता लाग्ने (नपरासपछि)	कल्याणकारी कोष सम्बन्धि व्यहरुमा	सेवा शुल्क	अभिलुक्तिकरण शुल्क दर्ता लाग्ने र गराई व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराई व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९८ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	नि:शुल्क	रु ३०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफुनो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारीले माग्नु हुदैन । ४) विदेश जानुअघि अभिमुखिकरण गरी प्रमाणपत्र लिनु पर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम गर्ने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पहेंरो मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, धोकाधडी एजेन्टहरु आफुबाट टाढा रहनुहोला । ६) कामका विषयमा जाँच गर्न नेपालकै एम्बेसी/कन्सुलेट कार्यालयमा सम्पर्क गर्नुहोला । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोला ।

LIC No. 1082/073/74

NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

कुवेतमा रोजगार

कम्पनी : RGT COMPANY FOR GENERAL CLEANING OF BUILDING AND ROADS

पूर्व स्वीकृति मिति : २०८३/०७/30 | LT. No. 350511 | चलानी नं. ६०१६३४७२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	CLEANER (INDOOR)	64	0	95	४५,८७५	उपलब्ध छ	12घण्टा	६दिन	उपलब्ध छ	छ	उपलब्ध छ	२ वर्ष
2	HEAVY VEHICLE DRIVER	5	0	160	७७,२६१							
3	ADMIN SUPERVISOR	1	0	230	१,११,०६३							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

रहदेखा अरिबे वि-मेडिकल सर्भ गराई र दर्ता गर्ने	रोजगार कम्पनिले मेडिकल सर्भ दिने / गर्दिने	रहदेखा अरिबे बिमा सर्भ गराई र दर्ता लाग्ने व्यहोर्ने र दर्ता लाग्ने	रोजगारमा बिमा हुने/बढाई र गराई व्यहोर्ने	हवाई टिकट गराई दिने र दर्ता लाग्ने	भिषा शुल्क गराई दिने र दर्ता लाग्ने	सामाजिक सुरक्षा कोष गराई दिने र दर्ता लाग्ने (नपरासपछि)	कल्याणकारी कोष सम्बन्धि व्यहरुमा	सेवा शुल्क	अभिलुक्तिकरण शुल्क दर्ता लाग्ने र गराई व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराई व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९८ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	नि:शुल्क	रु ३०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफुनो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारीले माग्नु हुदैन । ४) विदेश जानुअघि अभिमुखिकरण गरी प्रमाणपत्र लिनु पर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम गर्ने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पहेंरो मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, धोकाधडी एजेन्टहरु आफुबाट टाढा रहनुहोला । ६) कामका विषयमा जाँच गर्न नेपालकै एम्बेसी/कन्सुलेट कार्यालयमा सम्पर्क गर्नुहोला । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

कुवेतमा रोजगारको अवसर

Free Visa!! Free Ticket!!

कम्पनी : Gulf Dredging And General Contracting Company

पूर्व स्वीकृति मिति :२०८३/08/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 345157 | चलानी नं. ६०२५८४७६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Labour	2	0	100	४८,२८८	यस दिन अनुसार	८ घण्टा	६ दिन	यस दिन अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

रहदेखा अरिबे वि-मेडिकल सर्भ गराई गर्ने	रोजगार कम्पनिले मेडिकल सर्भ दिने / गर्दिने	रहदेखा अरिबे बिमा सर्भ गराई र दर्ता लाग्ने व्यहोर्ने	रोजगारमा बिमा हुने/बढाई र गराई व्यहोर्ने	हवाई टिकट गराई दिने	भिषा शुल्क गराई दिने	कल्याणकारी कोषसम्बन्धि व्यहरुमा:	सेवा शुल्क:	अभिलुक्तिकरण शुल्क दर्ता लाग्ने र गराई व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क गराई व्यहोर्ने
रोजगारदाता कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,२००/- रोजगारदाता कम्पनीले	नि:शुल्क	रु ३००/- रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको मितिभित्र गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु सायमा राख्नुहोला । आफु कहिलेदेखि पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कर्मचारीले माग्नु हुदैन । ४. विदेश जानुअघि आफु जाने मुलुक, कामको प्रकृति, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पहेंरो मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । ५. कामका विषयमा जाँच गर्न नेपालकै एम्बेसी/कन्सुलेट कार्यालयमा सम्पर्क गर्नुहोस् । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोस् ।

VISION & VALUE

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम इजाजत नं. ८२२/०६६/०

प्रभाव दैनिक
National Daily

सम्पादकीय

सहकारी न्यायको दोहोरो मापदण्ड !

मुलुकको अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न र साना बचतकर्ताहरूको वित्तीय पहुँच बढाउन स्थापना गरिएका सहकारी संस्थाहरू पछिल्लो समय गम्भीर वित्तीय अपराधका अखडा बन्दै गएका छन् । लाखौं विपन्न तथा मध्यमवर्गीय नागरिकले आफ्नो जीवनभरको रगत-पसिना बगाएर जम्मा गरेको बचत अपचलन हुँदा पनि राज्यका निकायहरूले पीडितलाई न्याय दिनुको सट्टा राजनीतिक र कानुनी दाउपेचमा अल्झिनु गम्भीर चिन्ताको विषय बनेको छ । हालै सार्वजनिक भएका विभिन्न सहकारी ठगी प्रकरणका घटनाहरूले न्याय प्रणालीमाथि नै ठूलो प्रश्नचिह्न खडा गरेका छन् ।

महान्यायाधिवक्ता कार्यालयबाट संगठित अपराधको अभियोग हटाउने निर्णय गरेसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलगायतका केही 'हाइ प्रोफाइल' आरोपितहरूले सम्पत्ति शुद्धीकरणजस्ता गम्भीर अभियोगबाट उन्मुक्ति पाएका छन् । यस किसिमको कानुनी छुटले एउटै प्रकृतिका अपराधमा संलग्न व्यक्तिहरूबीच विभेद सिर्जना भएको आभास हुन्छ । यद्यपि सहकारीको रकम अपचलनसम्बन्धी मूल अभियोग र व्यक्तिगत बिगोको दायित्व अझै कायम रहेको भनिए पनि, मुख्य मुद्दाका एक पक्षलाई सहजता प्रदान गरिनु तर अर्कोतर्फ पीडितसँग निरन्तर मिलापत्रको प्रयास गरिरहेका व्यक्तिलाई भने कडा सजायको भागिदार बनाइनुले न्यायको निष्पक्षतामाथि प्रश्न उब्जाएको छ ।

यसको ज्वलन्त उदाहरण बागलुङको इमेज सहकारीका संस्थापक अध्यक्ष तथा ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपालीको प्रकरण हो । नेपालीले आफ्नो नाममा रहेका घरजग्गा र व्यापारिक कम्प्लेक्सहरू बिक्री गरी पीडित बचतकर्ताहरूसँग निरन्तर मिलापत्रको प्रयास गरेका थिए । बागलुङ र कास्कीका हजारौं बचतकर्तासँग ९३ प्रतिशतभन्दा बढीको संख्यामा मिलापत्र भइसकेको अवस्था र रकम फिर्ता गर्ने व्यावहारिक प्रतिबद्धताका बाबजुद कास्की जिल्ला अदालतले उनलाई आठ वर्ष कैद र भारी जरिवानाको फैसला सुनाएको छ । पीडितका पक्षबाट रकम अझै पूर्णरूपमा प्राप्त नभएको गुनासो रहनु एकातर्फ सत्य होला, तर स्वेच्छाले सम्पत्ति बेचेर दायित्व चुक्ता गर्न खोज्ने पात्रलाई कठोर रूपमा जेलभित्रै सीमित राखिनु र अर्कातर्फ राजनीतिक पहुँचका आधारमा अन्य आरोपितहरूले कानुनी सहुलियत पाउनुले दण्डहीनताको संस्कृतिलाई मलजल गरेको छ ।

सूर्यदर्शन सहकारीलगायत ठूला प्रकरणहरूमा हजारौं बचतकर्ताको अर्बौं रूपैयाँ जोखिममा परेको छ । गोर्खा मिडिया नेटवर्कलगायतका संस्थाहरूमा भएको गैरकानुनी लगानी र त्यसको अपचलनले सिंगो वित्तीय प्रणालीलाई नै तहसनहस पारेको छ । यस्तो संवेदनशील अवस्थामा राज्यका जिम्मेवार अंगहरूले कुनै पनि राजनीतिक वा अन्य प्रभावबाट मुक्त भएर न्याय सम्पादन गर्नुपर्छ । कानुन सबैका लागि समान हुनुपर्छ र पीडितको हकहित नै सर्वोच्च प्राथमिकता मानिनुपर्छ ।

अतः सहकारी ठगीजस्तो सामाजिक अपराधमा संलग्न जोकोहीलाई पनि कडाभन्दा कडा कानुनी दायरामा ल्याइनु अपरिहार्य छ । तर, यसका साथै बचतकर्ताहरूको लुटिएको धन फिर्ता गराउने प्रक्रियालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । जसरी देवकुमार नेपालीको प्रकरणमा मिलापत्रको प्रयासलाई अदालतको सजायले रोकेको छ, यसले अन्य सञ्चालकहरूलाई पनि दायित्वबाट पन्छिने बहाना दिन सक्छ । तसर्थ, राज्यले पीडितलाई न्याय र रकम फिर्ताको सुनिश्चितताका लागि प्रभावकारी, पारदर्शी र एकरूप नीति अविलम्ब अघि सार्नुपर्छ । न्याय केवल कागजमा होइन, व्यवहारमा महसुस हुनेगरी देखिनु पर्दछ ।



■ डा. देवीप्रसाद आचार्य

सत्ताको शैली

> सत्ताको वास्तविक शक्ति पद, प्रतिष्ठा, बहुमत वा प्रशासनिक अधिकारमात्र होइन, जनविश्वास हो । जनताले दिएको मतको आधारमा सत्तामा पुग्ने शासकले प्राप्त भएको सत्ता स्थायी होइन । यो त जनताले राम्रो काम गर्नका लागि दिएको आवधिक समर्थन हो । गलत कार्यशैली अँगाल्नेबित्तिकै जनताले नै सत्ताच्युत गर्दछन् भन्ने कुरा राजनीतिक दल र सत्ताको बागडोर समालेकाहरूले बुझ्नुपर्दछ । समयमा नै बुझून् ।

यो मुलुकमा धेरै पटक राजनीतिक परिवर्तन भए । परन्तु परिवर्तित राजनीतिक धारलाई शासक, प्रशासक र समाजले अवलम्बन गर्न नसकेको तीतो सत्य लुकाएर लुक्ने अवस्था छैन । त्यसो त राजनीतिक परिवर्तन गर्ने पनि राजनीतिक दल र यिनीहरूलाई समर्थन गर्ने नेपाली समाज नै हो । परन्तु राजनीतिक परिवर्तनका पछाडि यसको अब्बल व्यवस्थापन गर्न सत्तामा पुग्नेहरू चुके ।

देशले विकासको गति लिन सकेन । विगत तीन दशकको राजनीतिक अभ्यास हेर्दा दर्जनौंको संख्यामा राजनीतिक दलहरूको उदय र अस्त भएको अवस्था छ । यसको पछाडि सामाजिक चेतनाले ठूलो काम गरेको देखिन्छ ।

राजनीतिक दल र नेतृत्व चयन गर्न नेपाली समाज सचेत देखिँदैन । समाजले सत्य र तथ्यभन्दा होहल्ला, लहड र प्रभावका आधारमा धारणा बनाउने गरेको पाइन्छ । यस कोणबाट समाजको विश्लेषण गर्दा राजनीतिक व्यवस्था र सरकार बदल्ने कुरालेमात्र देश बदलिँदैन भन्ने कुरालाई नेपाली समाजले बुझ्न सकेन । कुनै पनि राजनीतिक दलका पछाडि आँखा चिम्लिएर दौडँदा सत्य तथ्य हराउँछ । सक्षम नेतृत्व छायाँमा पर्दछ । असक्षमहरू सत्तामा पुग्छन् । परिणाम त नेपाल र नेपालीहरूले दुःख पाउँछन् भन्ने प्रमाण विगतका तीन दशकको राजनीतिक परिवर्तन, उदाएका राजनीतिक दल र नेतृत्वको सत्ता शैलीबाट प्रस्ट हुन्छ ।

नेपाली समाजले देश विकास र सुशासनका लागि राजनीतिक दलहरू परिवर्तन गरिरहे । दलहरूलाई पालैपालो सत्तामा पुग्ने अवसर पनि दिए । दलहरूभित्र नेतृत्व छनोट गर्न नसक्दा असक्षमहरूले पटक-पटक निर्वाचित हुने मौका पाए । क्षमताविना सत्तामा पुगेपछि जे हुनु थियो त्यही भयो । नेपाली समाजले 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने उक्तिलाई भोग्नुपऱ्यो । कुनै पनि सत्ताका सञ्चालकहरूले देशलाई तीव्र विकासको गतिमा अगाडि बढाउन सकेनन् । परिवर्तनका नाममा अनुहारहरू बदलिए पनि शासन शैली बदलिएन । शासन गर्ने सोच, देश विकासको वैज्ञानिक मार्गचित्र, कार्यशैली र कार्यसम्पादनमा सुधार हुन सकेन । देशको मेरुदण्ड कृषि क्षेत्र उपेक्षित रहचो । शिक्षाको गुणस्तरमा झन पछि झन ह्रास भयो । स्वास्थ्य सेवा महँगो छ । सहरमुखी छ । बेरोजगारी, महँगी, कालोबजारी समाजको नियति बन्यो ।

कुनै पनि सरकारको सफलता राजनीतिक शक्ति, जनमत वा बहुमतले निर्धारण गर्दैन । सत्ताले जनताको जीवनमा कति सकारात्मक प्रभाव भयो ? जनताको चुलोचौकामा सत्ताले कति सहज बनायो ? रोजगारी र आयआर्जनका अवसरहरू के कति सिर्जना भए ? समाजलाई बजार मूल्यले कति असर गऱ्यो ? देशका संघसस्थाहरू कसरी चलिरहेका छन् ? शैक्षिक संस्थाहरूको अवस्था कस्तो छ ? देश विधिको शासनमा सञ्चालन भएको छ कि छैन ? सामाजिक न्यायको अवस्था कस्तो छ ? सरकारी सेवा प्रवाहको गति र मति कस्तो छ ? भन्ने कुराले सत्ताको सफलता र असफलता मापन गर्दछ । अहिले उल्लिखित क्षेत्रहरू ठीकठाक छन् त ? निष्पक्षरूपमा भन्नुपर्दा छैनन् । यस अर्थमा सत्ताको शैली लोकतान्त्रिक देखिँदैन । सफलताउन्मुख देखिँदैन ।

हाम्रो देशको राजनीतिक इतिहास हेर्दा राजनीतिक परिवर्तन गर्नका लागि जनताले पटक-पटक संघर्ष गरे । व्यवस्था बदले । संविधान बन्यो । नयाँ नयाँ राजनीतिक दलहरू देखा परे । सत्ताको कुर्सीले नयाँ अनुहारहरू पायो । सिंहदरबारमा शासकका फोटाहरू झुण्डिए । परन्तु समाजमा राजनीतिक अस्थिरता, भ्रष्टाचार, नातावाद, कृपावाद, प्रशासनिक ढिलासुस्ती, बेरोजगारी, महँगी, कमजोर अर्थतन्त्रलगायतका समस्याहरू समाधान गर्न कुनै पनि शासक सक्षम भएको देख्न र अनुभव गर्न नागरिकले पाउन सकेनन् ।

अहिले नयाँ राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को एकल सरकार छ । यसको न्वारन भएको जम्मा चार वर्षमात्र भएको छ । यो राजनीतिक दल विगतका शासनशैलीप्रतिको वितृष्णाको उपज हो । विशेषतः युवापुस्ताको असन्तुष्टि, आक्रोश र परिवर्तनको तीव्र आकांक्षाले गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भएको घामजस्तै छर्लंग छ । पुराना दलहरूको सत्ता शैलीकै कारण २०८२ सालमा गरिएको मध्यावधि निर्वाचनमा नयाँ दलको रूपमा मतदाताले यो दललाई सत्तामा पुग्न सहज बहुमत दिए । यो दल सत्तामा पुगेको पनि सात महिना भइसकेको छ । बिहानले दिउँसोको संकेत गर्दछ भनेझैं अहिलेको सरकारको कार्यशैली पनि हात्ती आयो हात्ती आयो फुस्सा भनेझैं हुने संकेतहरू देखिन थालेका छन् । सरकारको कार्यशैलीले समाजमा असन्तोष बढ्दै गएको देखिन्छ ।

अहिले पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि भएको छ । ग्यासको हाहाकार अझै पनि उस्तै छ । युवा पलायनमा कमी आएको छैन । प्रशासनिक कामकाजको शैलीमा रूपान्तरण भएको अनुभव जनताले गर्न सकेका छैनन् । बिजुलीमा कर बढाएर सरकारले जनतालाई सास्ती दिएको छ । दुईदिने सरकारी विदाले शैक्षिक संस्था र स्वास्थ्य सेवामा सबैभन्दा बढी नकारात्मक असर परेको छ । जनताले यो नयाँ सरकारबाट के प्राप्त गरे त ? भन्ने प्रश्नको निष्पक्ष जवाफ खोज्दा अहिलेसम्म 'माछो माछो भ्यागुतो' भनेझैं भएको छ । समाजलाई परिणाममुखी काम चाहिएको छ । सरकारको कार्यशैलीले जनतालाई राहतभन्दा बढी आहात पुगेको छ ।

यो मुलुकमा राजनीतिक व्यवस्था बदलिएता पनि राजनीतिक नेतागणहरू चिन्तन र कार्यशैली बदलिन नसकेकोले नागरिकले दुःख पाइरहेका छन् । देशको राजनीतिक इतिहासको अनुभवले लोकतन्त्र बाँदरको हातमा नरिवल भनेझैं भएको अवस्था देखाउँछ । राजनीतिक नेतृत्वले लोकतन्त्रलाई देश र जनताको हितमा प्रयोग गर्न नसक्दा राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको पर्खाइ अहिलेको सरकारबाट पनि जनताका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात भनेझैं भएको छ । सत्ताले आगामी दिनहरू पनि आत्मकेन्द्रित शैलीमा अगाडि बढ्ने काम गरेमा यसको गन्तव्य निराशाजनक हुने छ । यसो नहोस् ।

जनताले अहिलेको सरकारबाट सुशासन, आर्थिक समृद्धि, रोजगारीको अवसर, महँगी नियन्त्रण र जनताको सहज जीवनयापनको व्यवस्था चाहेका छन् । अहिलेको अवस्थामा रोजगारी, निर्यातमुखी कृषि, आधुनिक पशुपालन, कृषिमा आधारित उद्योगको स्थापनालगायतका क्षेत्रमा विकास नभई गाउँको विकास हुन सक्दैन । सत्ताको कार्यशैलीमा देखिनुपर्ने पहिलो सर्त भनेको जनउत्तरदायित्व हो ।

अन्त्यमा सत्ताको वास्तविक शक्ति पद, प्रतिष्ठा, बहुमत वा प्रशासनिक अधिकारमात्र होइन, जनविश्वास हो । जनताले दिएको मतको आधारमा सत्तामा पुग्ने शासकले प्राप्त भएको सत्ता स्थायी होइन । यो त जनताले राम्रो काम गर्नका लागि दिएको आवधिक समर्थन हो । गलत कार्यशैली अँगाल्नेबित्तिकै जनताले नै सत्ताच्युत गर्दछन् भन्ने कुरा राजनीतिक दल र सत्ताको बागडोर समालेकाहरूले बुझ्नुपर्दछ । समयमा नै बुझून् ।

सरकारको कार्यशैली जनताका आवश्यकतालाई सम्बोधन गर्न केन्द्रित हुनुपर्दछ । हुन सकोस् । लोकप्रियताको मोहभन्दा परिणाममुखी काम, प्रचारभन्दा पारदर्शिता, आदेशभन्दा संवाद र व्यक्तिगत इच्छाभन्दा संस्थागत पद्धतिलाई प्राथमिकता दिनुपर्दछ । देओस् ।

पहुँच हुनेलाई अवसरै अवसर, बेरोजगारलाई सधैं अभाव !

> एकातिर एउटै व्यक्तिले विभिन्न अवसर र सेवा-सुविधा प्राप्त गरिरहेका छन् भने अर्कोतिर वास्तविक रूपमा राज्यको सहयोग र संरक्षण पाउनुपर्ने कतिपय पीडित नागरिकलेसमेत आफूले पाउनुपर्ने सुविधा प्राप्त गर्न सकेका छैनन् । उनीहरूले उल्टै विभिन्न प्रकारका दुःख, सास्ती र झण्झट बेहोर्नुपरेको छ । अझ उनीहरूको पीडाप्रति संवेदनशील हुनुपर्नेहरू नै कतिपय अवस्थामा त्यसलाई बेवास्ता गरिरहेका वा रमिते बनेका देखिन्छन् ।

नेपालको श्रमबजार तुलनात्मकरूपमा सानो छ । त्यसैले यहाँ जोसुकैले सहजै रोजगारी पाउन निकै कठिन छ । विशेषगरी लामो समयदेखि कामको खोजीमा रहेका युवाहरूका लागि रोजगारी प्राप्त गर्नु ठूलो चुनौती बनेको छ । तर विडम्बना के छ भने काम नपाउनेहरूका लागि अवसरको अभाव भइरहँदा पहुँच र प्रभाव हुने केही व्यक्तिहरूले भने एकै समयमा विभिन्न सरकारी निकायमा एकभन्दा बढी जिम्मेवारी सम्हालिरहेको देखिन्छ । उनीहरूले त्यसैअनुसार सेवा सुविधासमेत लिइरहेका छन् ।

अझ सरकारी सेवाबाट अवकाश प्राप्त गरेका कतिपय व्यक्तिले पेन्सन र सामाजिक सुरक्षाभत्ता दुवै लिइरहेको पाइन्छ । कतिपय अवकाशप्राप्त व्यक्ति अहिले जनप्रतिनिधिका रूपमासमेत कार्यरत छन् । उनीहरूले लिइरहेका विभिन्न सरकारी सेवा सुविधाबारे पनि प्रश्न उठ्ने गरेको छ । त्यस्तै, कुनै निकायबाट उपदान लिएर अर्को निकायबाट पेन्सन लिने, पेन्सन सुविधा पाइसकेपछि पुनः करारमा सरकारी जागिर खाने प्रवृत्तिसमेत देखिन्छ ।

एकातिर एउटै व्यक्तिले विभिन्न अवसर र सेवा-सुविधा प्राप्त गरिरहेका छन् भने अर्कोतिर वास्तविक रूपमा राज्यको सहयोग र संरक्षण पाउनुपर्ने कतिपय पीडित नागरिकलेसमेत आफूले पाउनुपर्ने सुविधा प्राप्त गर्न सकेका छैनन् । उनीहरूले उल्टै विभिन्न प्रकारका दुःख, सास्ती र झण्झट बेहोर्नुपरेको छ । अझ उनीहरूको पीडाप्रति संवेदनशील हुनुपर्नेहरू नै कतिपय अवस्थामा त्यसलाई बेवास्ता गरिरहेका वा रमिते बनेका देखिन्छन् ।

यसले नेपालको राज्य प्रणालीमा अवसरको वितरण कति असमान छ भन्ने प्रश्न खडा गर्छ । पहुँच र प्रभाव हुनेहरूले अवसरमाथि अवसर प्राप्त गरिरहेका छन् र आर्थिकरूपमा झन् समृद्ध बन्दै गएका छन् । तर वर्षौंदेखि रोजगारीको खोजीमा रहेका हजारौं नागरिक बेरोजगार जीवन बिताउन वा बाध्य भएर विदेसिनुपर्ने अवस्थामा छन् ।

यस्तो अवस्थामा नेपालमा समानता र सामाजिक न्यायको कुरा गर्नु कति न्यायोचित होला र ? के राज्यका अवसर र स्रोत साधनमा सबै नागरिकको समान पहुँच हुनुपर्दैन र ?

त्यसैले सरकारले यी विषयमा गम्भीरतापूर्वक छानबिन गर्न आवश्यक छ । सम्भव भएसम्म एउटै व्यक्तिले एकभन्दा बढी सरकारी रोजगारी र दोहोरो सरकारी सुविधा लिने अवस्थालाई व्यवस्थित गर्दै एक कर्मचारी, एक जागिर र एकमात्र सरकारी सेवा सुविधाको नीति कार्यान्वयन गर्न सकिन्छ कि सकिँदैन भन्नेबारे बहस र अध्ययन हुनुपर्छ ।

तर यसका लागि पेन्सन, उपदान, सामाजिक सुरक्षा र निर्वाचित पदसँग सम्बन्धित कानुनी व्यवस्थाबीचको भिन्नतालाई पनि स्पष्टरूपमा हेर्न आवश्यक छ । सबै प्रकारका सुविधा दोहोरो लाभका रूपमा व्याख्या गर्नु उचित हुँदैन ।

राज्यका सीमित अवसर र स्रोतसाधनमा सबै नागरिकको न्यायोचित पहुँच सुनिश्चित गर्न सकेमामात्र सामाजिक न्याय र समानताको अनुभूति हुन सक्छ । अन्यथा, पहुँच हुनेहरू झन् धनी र अवसरविहीनहरू सधैं गरिब तथा बेरोजगार भइरहने अवस्थाको अन्त्य गर्न कठिन हुने छ ।

श्रम सरोकार

सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।



■ सुर्य लामा मोक्तान

विपद्का बेला काम नलागेको बेनीको वैकल्पिक खानेपानी संरचना



म्यार्दी– म्यार्दीको सदरमुकाम बेनीमा खानेपानी आपूर्तिको वैकल्पिक व्यवस्था गर्न तीन वर्षअघि निर्माण गरिएको संरचना अझै सञ्चालनमा आउन सकेको छैन ।

मुख्य खानेपानीको मुहान र पाइपलाइनमा समस्या हुँदा प्रयोग गर्ने उद्देश्यले निर्माण गरिएको संरचना पछिल्लो विपद्का बेला पनि उपयोगविहीन बनेको छ । खडेरी, मुहान सुक्ने, पाइप फुट्ने र पहिरोका कारण खानेपानी आपूर्ति अवरुद्ध हुने समस्या समाधान गर्न म्यार्दी नदीको पानी तानेर वितरण गर्ने योजनासहित उक्त संरचना निर्माण गरिएको थियो ।

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्यार्दीले बेनी खानेपानी आयोजनाको क्षमता विस्तार कार्यक्रमअन्तर्गत बेनी नगरपालिका-२ स्थित म्यार्दी नदी किनारको हाडेभिरबाट बराहपाखोमा रहेको बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको पानी संकलनस्थलसम्म पानी पुऱ्याउने संरचना बनाएको हो ।

वि.सं. २०८० मा निर्माण सम्पन्न भएको उक्त संरचना प्राविधिक समस्या देखिएपछि हालसम्म सञ्चालनमा आउन सकेको छैन । संस्थालाई हस्तान्तरणसमेत नभएको संरचना पछिल्लो विपद्का बेला पनि प्रयोग गर्न नसकिएको संस्थाका अध्यक्ष रमेश गिरीले बताए । उनका अनुसार असोज ८ देखि ११ गतेसम्मको विपद्ले मुख्य खानेपानी पाइपलाइन क्षतिग्रस्त बनाएपछि बेनीमा आपूर्ति प्रभावित भएको थियो । तर, विकल्पका रूपमा निर्माण गरिएको संरचना सञ्चालनयोग्य नहुँदा त्यसबाट पानी आपूर्ति गर्न सकिएन ।

विपद्का बेलासमेत प्रयोगमा आउन नसकेको संरचनाको औचित्य र सरकारी लगानीको प्रतिफलमाथि उपभोक्ताले प्रश्न उठाएका छन् । उनीहरूले प्राविधिक समस्या समाधान गरी तत्काल सञ्चालनमा ल्याउन माग गरेका छन् ।

काठमाडौंको एएम प्याराडाइजले २०७८ असोजमा वैकल्पिक खानेपानी आपूर्ति तथा शुद्धीकरणसम्बन्धी संरचना निर्माणका लागि दुई करोड ४६ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको थियो । बेनी नगरपालिका-२ को हाडेभिरमा जमिनको सतहदेखि सात मिटर गहिरो इनार निर्माण गरी विद्युत्बाट सञ्चालन हुने तीनवटा सबमर्सिबल पम्प जडान गरिएको छ । इनारबाट करिब ९०० मिटर लामो चार इञ्चको जिआई पाइप बिछ्याएर १३० मिटर उचाइमा रहेको बराहपाखोस्थित रिजर्भ टचांकीसम्म पानी पुऱ्याउने व्यवस्था गरिएको छ ।

तीनवटै पम्प सञ्चालन गर्दा प्रतिसेकेण्ड १५ लिटर पानी आपूर्ति गर्न सकिने क्षमता छ । म्यार्दी नदीको सडक पुलदेखि रिजर्भ टचांकीसम्मको पाइपलाइन भने प्रयोगमा आएको छ ।

यसैबीच, बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले अन्तर्पूर्ण गाउँपालिका-८ स्थित रिठाखर्क र डाँडाखर्कका मुहानबाट पानी ल्याउने १४ किलोमिटर लामो मुख्य पाइपलाइन अस्थायीरूपमा मर्मत गरी कात्तिक २७ गतेदेखि वितरण सुरु गरेको छ । हाल ती मुहानबाट प्रतिसेकेण्ड आठ लिटर पानी आपूर्ति भइरहेको छ । विपद्अघि उक्त मुहानबाट प्रतिसेकेण्ड २२ देखि २५ लिटर पानी बेनीमा आपूर्ति हुने गरेको थियो । विपद्का कारण पाइपलाइन क्षतिग्रस्त भएपछि आपूर्ति बन्द भएको थियो ।

संस्थाका उपाध्यक्ष राजेन्द्र श्रेष्ठका अनुसार बेनी बजारमा दैनिक आवश्यकताका लागि प्रतिसेकेण्ड २० लिटरभन्दा बढी पानी चाहिन्छ । संस्थाले बेनी नगरपालिकाका वडा नं २, ७ र ८ का एक हजार २०० घरधुरीमा बसोबास गर्ने करिब २५ हजार जनसंख्यालाई खानेपानी वितरण गर्दै आएको छ । मागअनुसार पानी आपूर्ति हुन नसकेपछि टोल विभाजन गरेर आलोपालो प्रणालीबाट वितरण गर्नुपरेको उपाध्यक्ष श्रेष्ठले बताए ।

बेनीमा खानेपानी आपूर्ति सहज बनाउन तत्कालीन योजनाका लागि १४ करोड ७० लाख रूपैयाँ र दीर्घकालीन योजनाका लागि ७० करोड रूपैयाँ आवश्यक पर्ने लागत अनुमानसहित खानेपानी तथा ढल व्यवस्थापन विभागमा प्रस्ताव पेस गरिएको छ । *रासस*

सहकारी ठगी मुद्दामा सात जनालाई कैद र जरिवाना

गण्डकी– कास्की जिल्ला अदालतले पोखराको इमेज बचत तथा ऋण सहकारी संस्थाको बचत रकम ठगी गर्ने उक्त सहकारीका तत्कालीन संस्थापक अध्यक्ष देवकुमार नेपालीसहित सात जनालाई कैद र जरिवानाको फैसला गरेको छ ।

अदालतका शाखा अधिकृत तारानाथ पोखरेलका अनुसार संस्थापक अध्यक्ष नेपालीलाई आठ वर्ष कैद सजाय र एक करोड २६ लाख २३ हजार रूपैयाँ जरिवाना तोकिएको छ । त्यस्तै सहकारीका सञ्चालक चित्रबहादुर भण्डारी र शक्ति किसानलाई जनही सात वर्ष कैद र एक करोड २६ लाख २३ हजार रूपैयाँ जरिवानाको फैसला भएको उनले जानकारी दिए ।

अर्का प्रतिवादी निशा कार्की, भूमि भण्डारी, विष्णु पौडेल र विमला गुरुङलाई जनही छ वर्ष कैद सजाय र २६ लाख २३ हजार रूपैयाँ जरिवाना तोकिएको शाखा अधिकृत पोखरेलले बताए । जरिवानासँगै १८ करोड ९६ लाख ५९ हजार रूपैयाँ बिगो माग भएको उनको भनाइ छ । न्यायाधीश चन्द्रप्रकाश तिवारीको एकल इजलासले गत कात्तिक १७ उक्त फैसला गरेको र फैसलाको पूर्णपाठ आउन बाँकी रहेको उनले बताए ।

बचतकर्ताहरूले सहकारीका संस्थापक अध्यक्ष नेपालीलगायत १५ जनाविरुद्ध गत वर्ष दायर गरेको अभियोगमाथि सुनुवाइ गर्दै अदालतले उक्त फैसला गरेको हो । वि.सं. २०७९ को स्थानीय तह निर्वाचनमा बागलुङको ढोरपाटन नगरपालिकाको प्रमुखमा निर्वाचित नेपाली बागलुङमा रहेको सोही नामको सहकारी ठगी प्रकरणमा वि.सं. २०८१ असोजदेखि पूर्पक्षका लागि बागलुङ कारागारमा थुनामा छन् । उनीमाथि पोखरा र बागलुङमा रहेको इमेज बचत तथा ऋण सहकारी संस्थाको अर्बौं रूपैयाँ हिनामिना पारेको आरोप छ । *रासस*

सुनवर्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाईनिया, मोरङ
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३/०८/०२

यस कार्यालयद्वारा मिति 2083/06/05 गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएको तपशिलमा उल्लेखित औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभुतरुपमा बढी नभएको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

स. नं.	ठेक्का नं.	औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा सारभुतरूपमा बढी नभएको बोलपत्र दाताको नाम/ठेगाना	कामको विवरण	कवोल गरेको रकम (मू.अ.कर र पि. एस. समेत)
1	SUNMUN/ROAD/ 083/84-01	श्री दधिना कन्स्ट्रक्सन प्रा.लि.,सुनवषी-०२, मोरङ	Sikti Maldaiya sadak kalopatre	1,74,78,433.53 /-
2	SUNMUN/ROAD/ 083/84-02	श्री विष्ट निर्माण सेवा, उदयपुर गढी-०८, उदयपुर	Sambhu pokhari dekhi prahari chauki jane bato ward no 7 kalopatre	46,40,712.70 /-
3	SUNMUN/ROAD/ 083/84-03	श्री स्वानी कन्स्ट्क्सन, टोखा-१०, काठमाडौं	Janapriya school dekhi dakshin kalopatre	35,11,725.12 /-
4	SUNMUN/ROAD/ 083/84-04	श्री स्वानी कन्स्ट्क्सन, टोखा-१०, काठमाडौं	Ward no 6 chamaniya pokhari dekhi prem poudelko ghar samma sadak kalopatre	33,84,694.52 /-
5	SUNMUN/ROAD/ 083/84-05	श्री न्यू एट्लान्टिक निर्माण सौवा, बिराटनगर-१०, मोरङ्ग	Dainiya Paschim dekhi chandankhandi jane sadak kalopatre sunawarshi	1,43,79,669.31 /-
6	SUNMUN/ROAD/ 083/84-06	श्री विष्ट निर्माण सेवा, उदयपुर गढी-०८, उदयपुर	Devi chowk dakshin rajendra basnetko pasal samma kalopatre sadak	48,31,141.98 /-
7	SUNMUN/ROAD/ 083/84-07	श्री विष्ट निर्माण सेवा, उदयपुर गढी-०८, उदयपुर	Beldangi Dekhi BP sewa kendra samma sadak kalopatre	48,47,966.55 /-

प्रमुख प्रशासकिय अधिकृत

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Shindraa Solutions Pvt Ltd** कम्पनीले **China** बाट पैठारी गरेको दोहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

S.N.	Description	Price Per Unit	MRP Price Per Unit(NPR)
1	4-DOOR STAINLESS STEEL FREEZING REFRIG	185.00	83,3000.00
2	UNDER COUNTER CHILLER	105.00	49,750.00

Buddhanagar-10 Kathmandu Nepal, (VAT NO. 603495535),. EXIM NO.: 603495530140NP

कतारमा रोजगार कम्पनी : TECHNICAL AGRICULTURE COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२५ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०८/०१ LT. No. 344720 चलानी नं. ६०२५८९०७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Agriculture Labour	5	0	1000	४१,०८४	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष
2.	Farmer	8	0	1000	४१,०८४							
3.	Assistant Pourer, Metal Castings	3	0	1000	४१,०८४							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिवे पि मेडिकल सर्व गरको मर्ने र वर्षि मर्ने	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बदिने	स्वदेशमा अरिवे बिमा सर्व गरको व्यहोर्ने र वर्षि लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र गरको व्यहोर्ने	हवाई टिकट गरको दिने र वर्षि लाग्ने	भिषा शुल्क गरको दिने र वर्षि लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र वर्षि लाग्ने रकम (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क वर्षि लाग्ने र गरको व्यहोर्ने	बिमा रकमिएक शुल्क गरको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २४९५ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित आपवुद्धि मात्र कम्पनीमै गई रकम फुकाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासित रोजगारको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखनुहोला । आफू बसेठाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालके एयरपोर्टे प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापसमा सम्पर्क गर्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957, 9818241281 Ananda Budhathoki
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

युएइमा रोजगार कम्पनी : BLOOM STAR TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०७/२० LT. No. 350117 चलानी नं. ६०२६३२६५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Carpenter	4	0	1500	६१,८३१	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष
2	Steal Fixer	6	0	1500	६१,८३१							
3	Bricklayer	4	0	1500	६१,८३१							
4	Stone Mason	4	0	1500	६१,८३१							
5	Brick Mason - Assistant	2	0	1200	४९,१४४							
6	Paint Buildings (Painter)	1	0	1300	५३,२४०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिवे पि मेडिकल सर्व गरको मर्ने र वर्षि मर्ने	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बदिने	स्वदेशमा अरिवे बिमा सर्व गरको व्यहोर्ने र वर्षि लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र गरको व्यहोर्ने	हवाई टिकट गरको दिने र वर्षि लाग्ने	भिषा शुल्क गरको दिने र वर्षि लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र वर्षि लाग्ने रकम (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क वर्षि लाग्ने र गरको व्यहोर्ने	बिमा रकमिएक शुल्क गरको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २४९५ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित आपवुद्धि मात्र कम्पनीमै गई रकम फुकाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासित रोजगारको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखनुहोला । आफू बसेठाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालके एयरपोर्टे प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापसमा सम्पर्क गर्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/७२ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

ओमनमा रोजगार कम्पनी : AL-THABAT HOLDING LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/११ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०१ LT. No. 323044 चलानी नं. ६०२३६९८५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब OR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Mason General	29	0	120	४६,४४१	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष
2	Construction Carpenter General	20	0	120	४६,४४१							
3	Cleaner General	1	0	100	३९,११७							
4	Building Painters	2	0	120	४६,४४१							
5	Building Brick Mason	1	0	120	४६,४४१							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिवे पि मेडिकल सर्व गरको मर्ने र वर्षि मर्ने	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बदिने	स्वदेशमा अरिवे बिमा सर्व गरको व्यहोर्ने र वर्षि लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र गरको व्यहोर्ने	हवाई टिकट गरको दिने र वर्षि लाग्ने	भिषा शुल्क गरको दिने र वर्षि लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र वर्षि लाग्ने रकम (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क वर्षि लाग्ने र गरको व्यहोर्ने	बिमा रकमिएक शुल्क गरको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २४९५ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित आपवुद्धि मात्र कम्पनीमै गई रकम फुकाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासित रोजगारको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखनुहोला । आफू बसेठाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालके एयरपोर्टे प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापसमा सम्पर्क गर्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com
श्रम इजाजत नं. ५८०-०७९-०८२

युएइमा रोजगार कम्पनी : FUJAIRAH BUILDING INDUSTRIES PJSC

पूर्व स्वीकृति मिति : २०८२/११/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०१ LT. No. 319492 चलानी नं. ६०२३३८३९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Ordinary Labourer	130	0	1000	८०,९५५	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : NATIONAL PAINTS FACTORIES CO.LTD.LLC - ABUDHABI BRANCH

पूर्व स्वीकृति मिति : २०८३/०८/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०१ LT. No. 346196 चलानी नं. ६०२५९४१८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Helper	54	0	1050	८३,००१	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिवे पि मेडिकल सर्व गरको मर्ने र वर्षि मर्ने	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बदिने	स्वदेशमा अरिवे बिमा सर्व गरको व्यहोर्ने र वर्षि लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र गरको व्यहोर्ने	हवाई टिकट गरको दिने र वर्षि लाग्ने	भिषा शुल्क गरको दिने र वर्षि लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र वर्षि लाग्ने रकम (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क वर्षि लाग्ने र गरको व्यहोर्ने	बिमा रकमिएक शुल्क गरको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २४९५ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित आपवुद्धि मात्र कम्पनीमै गई रकम फुकाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासित रोजगारको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखनुहोला । आफू बसेठाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालके एयरपोर्टे प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापसमा सम्पर्क गर्नुहोला ।

NEPAL WORLD OVERSEAS PVT.LTD
Govt. License No. 1442/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

कतारमा रोजगार कम्पनी : RK Industrial Services WLL

पूर्व स्वीकृति मिति : २०८२/११/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०१ LT. No. 339529 चलानी नं. ६०२५२८६१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Sewing Worker	12	0	1100	४५,१९१	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति २०८३ मंसिर ११, १२ र १३ गते (27, 28 & 29th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिवे पि मेडिकल सर्व गरको मर्ने र वर्षि मर्ने	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बदिने	स्वदेशमा अरिवे बिमा सर्व गरको व्यहोर्ने र वर्षि लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र गरको व्यहोर्ने	हवाई टिकट गरको दिने र वर्षि लाग्ने	भिषा शुल्क गरको दिने र वर्षि लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र वर्षि लाग्ने रकम (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क वर्षि लाग्ने र गरको व्यहोर्ने	बिमा रकमिएक शुल्क गरको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २४९५ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित आपवुद्धि मात्र कम्पनीमै गई रकम फुकाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासित रोजगारको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखनुहोला । आफू बसेठाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेब, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालके एयरपोर्टे प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापसमा सम्पर्क गर्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

युएइमा रोजगार कम्पनी : BIN LADIN CONTRACTING GROUP

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०१ LT. No. 341899 चलानी नं. ६०२५५२९६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Suttering Carpenter	6	0	1500	६१,८३१	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ		२ वर्ष
2	Plaster & Brick Mason	10	0	1500	६१,८३१							
3	Assistant Technician/telecommunication	3	0	1200	४९,१४४							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ९ गते (25th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा अरिवे पि मेडिकल सर्व गरको मर्ने र वर्षि मर्ने	रोजगार कम्पनिले मेडिकल सर्व दिने / बदिने	स्वदेशमा अरिवे बिमा सर्व गरको व्यहोर्ने र वर्षि लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र गरको व्यहोर्ने	हवाई टिकट गरको दिने र वर्षि लाग्ने	भिषा शुल्क गरको दिने र वर्षि लाग्ने	सामाजिक सुरक्षा कोष गरको दिने र वर्षि लाग्ने रकम (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क वर्षि लाग्ने र गरको व्यहोर्ने	बिमा रकमिएक शुल्क गरको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २४९५ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट सरदृष्टको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित आपव

प्रभाव दैनिक

बुधबार, ०२ मंसिर २०८३ (Wednesday, 18 November 2026)

रूपशाला

'वीर गणेशमान' मंसिर ४ देखि मञ्चन

भोटेकोसी बाढीका कारण मञ्चनमा आएको केही दिनमै रोकिएको नाटक 'वीर गणेशमान' फेरि मञ्चन हुने भएको छ । आगामी ४ गतेदेखि १९ गतेसम्म कालिकास्थान स्थित सर्वनाम थिएटरमा नाटक मञ्चन हुन लागेको हो । गणेशमान सिंह फाउण्डेसनको आयोजना र सर्वनामको प्रस्तुतिमा तयार भएको नाटकको परिकल्पना, नाट्य रूपान्तरण र निर्देशन वरिष्ठ रङ्गकर्मी अशेष मल्लको रहेको छ । सत्ता र शक्तिका अगाडि नझुकेका क्रान्ति योद्धा गणेशमान सिंहको जीवन र सङ्घर्षमा आधारित नाटकले १०३ वर्ष लामो राणा शासन विरूद्ध नागरिक अधिकारका लागि उनले देखाएको साहसलाई प्रस्तुत गर्छ ।



नेपाल ग्लोबल फिल्म फेस्टिभल २०२७ को तयारी तीव्र

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाली चलचित्रलाई विश्व बजारसँग जोड्ने र नेपाललाई अन्तर्राष्ट्रिय चलचित्रको महत्वपूर्ण गन्तव्यका रूपमा स्थापित गर्ने उद्देश्यसहित आयोजना हुन लागेको नेपाल ग्लोबल फिल्म फेस्टिभल २०२७ को तयारी तीव्र पारिएको छ । आगामी सन् २०२७ फेब्रुअरी १९ देखि २२ (फागुन ७ देखि १० गते) सम्म काठमाडौंमा आयोजना हुने महोत्सवमा विश्वका विभिन्न देशबाट करिब १०० जना चलचित्रकर्मी, सञ्चारकर्मी तथा चलचित्र उद्योगका विशिष्ट व्यक्तित्व सहभागी हुने आयोजकले जनाएको छ ।

नेपाल फिल्म एण्ड मिडिया एकेडेमीको आयोजनामा हुन लागेको महोत्सवको पहिलो संस्करणमै विश्वभरबाट ५०० भन्दा बढी फिचर फिल्म, सर्ट फिल्म तथा डकुमेन्ट्री प्राप्त भएका छन्। पहिलो संस्करणमै यति ठूलो संख्यामा अन्तर्राष्ट्रिय चलचित्र प्राप्त हुनुले महोत्सवप्रति विश्व चलचित्र क्षेत्रको चासो र आकर्षण बढ्दै गएको आयोजकको विश्वास छ ।

'हिमालदेखि सागरसम्मका कथाहरूको उत्सव' भन्ने मूल नारासहित आयोजना हुन लागेको महोत्सवमा प्राप्त चलचित्रमध्ये करिब १०० वटा उत्कृष्ट चलचित्र छनोट गरी चार दिनसम्म काठमाडौंमा प्रदर्शन गरिनेछ । चलचित्र छनोटका लागि निर्देशक सुवर्ण थापाको नेतृत्वमा गठित चलचित्र छनोट समितिले काम गर्नेछ । छनोट भएकामध्ये उत्कृष्ट चलचित्रहरूलाई निर्देशक अशोक शर्मा नेतृत्वका नेपाली तथा विदेशी जुरीहरूले नगद पुरस्कारसहित विभिन्न विधामा अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ ।

महोत्सवका निर्देशक गणेश पाण्डेले पहिलो संस्करणमै विश्वका विभिन्न देशबाट ५०० भन्दा बढी चलचित्र प्राप्त हुँदा आफूहरू अत्यन्त उत्साहित भएको बताए । उनले भने, 'हाम्रो पहिलो संस्करणमै विश्वभरबाट यति ठूलो संख्यामा फिचर, सर्ट र डकुमेन्ट्री फिल्म प्राप्त हुनु निकै उत्साहजनक उपलब्धि हो। यसले नेपालमा आयोजना हुन लागेको अन्तर्राष्ट्रिय चलचित्र महोत्सवप्रति विश्व चलचित्रकर्मीको विश्वास र चासो देखाएको छ । हामी नेपालकै एउटा ठूलो महोत्सव बनाउने उद्देश्यका साथ अघि बढिरहेका छौं ।'

महोत्सवमा फिचर फिल्म, सर्ट फिल्म, डकुमेन्ट्री, माउन्टेन फिल्म, वातावरणसम्बन्धी फिल्म, मानवशास्त्रीय फिल्म, मानवअधिकारसम्बन्धी फिल्म, महिला विषयवस्तुमा आधारित फिल्म तथा आदिवासी जनजातिका कथा र संस्कृतिमा आधारित चलचित्रलाई समेटिनेछ । त्यसैगरी एनिमेसन, विद्यार्थी चलचित्र र कृत्रिम बौद्धिकतामा आधारित चलचित्रलाई समेत विशेष प्राथमिकता दिइनेछ ।

महोत्सवमा करिब १०० जना अन्तर्राष्ट्रिय चलचित्रकर्मी तथा चलचित्र उद्योगका व्यक्तित्वको सहभागिता जुटाउने तयारी भइरहेको छ। हलिउड, बलिउड तथा चिनियाँ चलचित्र क्षेत्रका चर्चित चलचित्रकर्मी महोत्सवमा अतिथिको रूपमा सहभागी हुने आयोजकले जनाएको छ ।

महोत्सव आयोजक समितिका सदस्य फूलमान बलका अनुसार चार दिनसम्म चलचित्र प्रदर्शनसँगै विशेष सम्मान, अन्तरक्रिया, चलचित्र कार्यशाला, प्यानल छलफल तथा अन्तर्राष्ट्रिय नेटवर्किङ कार्यक्रम सञ्चालन गरिनेछ ।

एनजीएफएफले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने, नेपाली प्रतिभा र सिर्जनालाई विश्वमाझ चिनाउने तथा विदेशी चलचित्र निर्माता र निर्देशकलाई नेपालमा चलचित्र निर्माणका सम्भावना र गन्तव्यबारे जानकारी गराउने लक्ष्य लिएको छ । यसबाट नेपालमा चलचित्र पर्यटन, अन्तर्राष्ट्रिय सहकार्य तथा चलचित्र निर्माणमा विदेशी लगानीको सम्भावनासमेत विस्तार हुने अपेक्षा गरिएको छ ।

नेपालको प्राकृतिक सौन्दर्य, हिमाली भूगोल, सांस्कृतिक विविधता र मौलिक कथाहरूलाई अन्तर्राष्ट्रिय चलचित्र जगत्मा प्रवर्द्धन गर्नु महोत्सवको अर्को महत्वपूर्ण उद्देश्य हो। युनेस्को क्रिएटिभ सिटी अफ फिल्मको अवधारणासँग जोड्दै काठमाडौंलाई चलचित्र सिर्जना, सहकार्य र सांस्कृतिक आदानप्रदानको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यसमेत महोत्सवले राखेको छ ।

महोत्सवलाई अन्तर्राष्ट्रियस्तरको प्रतिष्ठित चलचित्र उत्सवका रूपमा विकास गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र संस्था, कूटनीतिक नियोग, शैक्षिक संस्था, पर्यटन क्षेत्र तथा निजी क्षेत्रसँग सहकार्यका लागि छलफल भइरहेको आयोजकले जनाएको छ ।

रंगशाला

एनपिएल क्रिकेट

लुम्बिनी फाइनलमा

■ प्रभाव संवाददाता

काठमाडौं– लुम्बिनी लायन्स क्लब लगातार दोस्रो पटक नेपाल प्रिमियर लिग (एनपिएल)को फाइनलमा प्रवेश गरेको छ ।

मंगलबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सम्पन्न पहिलो क्वालिफायर खेलमा लुम्बिनीले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधि नजिक पुगेको हो । एनपिएलको दोस्रो संस्करणमा फाइनलमा सुदूरपश्चिमलाई पराजित गर्दै उपाधि हात पारेको लुम्बिनीले

यसपटक पहिलो क्वालिफायरमा सुदूरपश्चिमलाई नै पराजित गर्दै फाइनल प्रवेश गरेको हो । यसअघिका दुई एनपिएलमा लगातार फाइनल भिडेको सुदूरपश्चिम अब दोस्रो क्वालिफायरमा लागि चितवन राइनोज् र काठमाडौं गोर्खाज्वीचको विजेतासँग खेल्नेछ । उक्त खेलमा जित हात पारेमा सुदूरपश्चिमले पुनः फाइनल प्रवेश गर्दै लुम्बिनीसँगको भेट पक्का गर्नेछ ।

मंगलबारको खेलमा लुम्बिनीले सुदूरपश्चिमलाई ६ विकेटले पराजित गरेको हो । सुदूरपश्चिमले दिएको १०६ रनको लक्ष्य लुम्बिनीले १६.४ ओभरमा चार विकेट गुमाउँदै पूरा गरेको हो । लुम्बिनीको जितमा निरोसन डिकवेल्लाले सर्वाधिक ५९ रन बनाए । उनले ३७ बलमा सात चौका र दुई छक्का प्रहार गरे । कप्तान रोहित पौडेलले २१ रनको योगदान दिए भने दिलिप नाथ १० रनमा अविजित रहे ।

तेस्रो विकेटका लागि रोहित र डिकवेल्लाले ३८ रनको साझेदारी गर्दै टोलीलाई जितततर्फ अघि बढाएका थिए । रोहित २८ बलमा एक चौकासहित २१ रन बनाएर थरिन्दु रत्नायकेको बलमा अनिल खरेलबाट क्याच आउट भए ।

लुम्बिनीका ओपनर डार्सी सर्ट खाता नखोल्दै स्कट कुग्लेजिनको बलमा बोल्ड भए । आशिफ शेख चार रनमा हेमन्त धामीको बलमा क्याच आउट भए ।

